# म्याङलुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ, तेह्रथुम
कोशी प्रदेश,नेपाल

आ.व. २०८१/८२
च.नं. ६४६

मितिः २०८१/०८/१६

**विषय: कर्मचारी तह वृद्धि सम्बन्धि सूचना ।**

कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन ,२०८०" को दफा २७ को उपदफा (१), (२) र (३) बमोजिम तपशिलमा उल्लेखित योग्यता पुगेका कर्मचारीहरुलाई आवश्यक कागजात सहित २०८१ पौष १५ गते भित्र तह वृद्धिका निम्ति रितपुर्वक यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**१. पेश गर्नुपर्ने आवश्यक काजगातहरु**

क. निवेदन

ख. नियुक्ति पत्र ।

ग. समायोजन भएमा समायोजन संशोधन भएको पत्र ।

घ. पछिल्लो तिन वर्षको सक्कलै का.स.मु ।

...............................
(जयराम श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेशभित्र रहेका स्थानीय तहमा कर्मचारी र कार्यालय व्यवस्थापन मार्फत् सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सरकारी सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागितामूलक र व्यवसायिक बनाउँदै स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाबाट यो ऐन जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम स्थानीय सरकारी सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले स्थानीय सरकारी सेवाको पदमा वहाल रहेका स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद-५

## तह वृद्धि र बढुवा

२६. ज्येष्ठता गणना सम्बन्धी विशेष व्यवस्थाः (१) यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्वन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा छैठौं तहमा नियुक्ति भई यस ऐन बमोजिम सातौं तहमा तह मिलान भएका कर्मचारीको जेष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ।

२७. तह वृद्धि सम्बन्धी व्यवस्थाः (१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।"

"(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ।

(३) उपदफा (१) तथा यस ऐनमा गरिएको विशेष व्यवस्था बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय कार्यान्वयन गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै सम्बन्धित स्थानीय तहले आफ्नो वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुनेछ। सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्वन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ।

(५) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ।

(६) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।